नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेवसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

## कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको जोन/सुपरजोनमा आवद्धताका लागि सुचिकृत गर्ने सम्बन्धी सूचना

सूचना नं. ०१/२०८२/८३

सूचना प्रकाशन मितिः २०८२/०४/२७

प्रस्तुत विषयमा यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु) अन्तर्गत चालु आ.व. २०८२/०८३ मा तपसिलको जोन/सुपरजोन विकास कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयनको लागि कार्यक्रम कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संशोधन, २०८१ (साविकको परियोजना कार्यान्वयन म्यानुअल, २०७७) मा व्यवस्था भए बमोजिम धान सुपरजोन, तरकारी जोन र माछा जोनको कार्यक्षेत्र भित्र क्रियाशील रहेका कानून बमोजिम दर्ता भएका इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/कम्पनी/जल तथा वन उपभोक्ता समिति आदिले यस कार्यक्रम कार्यान्वयन एकाइमा सूचिकृत/नवीकरण हुनको लागि आवश्यक कागजातहरु सहित निर्धारित ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन अर्थात मिति २०८२/०५/२५ गते कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | जोन/सुपरजोन | जोन/सुपरजोनको कार्यक्षेत्रहरु | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानिय तहको नाम | वडाहरु | |
| १ | धान सुपरजोन | बाणगंगा नगरपालिका | सबै वडाहरू | |
| | | बुद्धभूमि नगरपालिका | वडा नं. १,२,३ र ४ मात्र | |
| | | कपिलवस्तु नगरपालिका | वडा नं. ७,८,९,१०,११ र १२ मात्र | |
| | | मायादेवी गाउँपालिका | सबै वडाहरू | |
| | | शुद्धोधन गाउँपालिका | सबै वडाहरू | |
| २ | तरकारी जोन | कपिलवस्तु नगरपालिका | वडा नं. ३,४,५,६,७,८,९,१०,११ र १२ मात्र | |
| | | बुद्धभूमि नगरपालिका | वडा नं. १० मात्र | |
| | | मायादेवी गाउँपालिका | वडा नं. ५,६ र ७ मात्र | |
| ३ | माछा जोन | बाणगंगा नगरपालिका | सबै वडाहरू | |
| | | बुद्धभूमि नगरपालिका | सबै वडाहरू | |
| | | शिवराज नगरपालिका | वडा नं. १,२,३,४,५,६,७,८,१० र ११ मात्र | |
| | | विजयनगर गाउपालिका | सबै वडाहरू | |
| | | महाराजगंज नगरपालिका | वडा नं. ११ मात्र | |

आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. रु १० को टिकट टाँस गरेको परियोजनाले निर्धारित गरेको ढाँचा अनुसारको आवेदन फारम । (आवेदन फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. कृषक समूह/सहकारी/कम्पनी/फर्म/वन/जल उपभोक्ता समितिको आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी/ वन/जल उपभोक्ता समिति दर्ताको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
४. कृषक समूह/सहकारी/कम्पनी/कृषि उद्यमी/वन/जल उपभोक्ता समितिको परियोजनामा आवद्धता सम्वन्धि निर्णयको प्रतिलिपी (निर्णयमा कृषकको नाम र बालीको क्षेत्रफल निर्क्योल गर्नुपर्ने)।
५. सम्वन्धित गाँउपालिका/ नगरपालिका को वडा कार्यालयको कार्यक्रममा आवद्धताका लागि सुचिकृत गरिदिने सिफारिस पत्र।
६. कृषक समूह/सहकारी/फर्म/कम्पनी/वन/जल उपभोक्ता समिति आदीको नाममा रहेको पान नं. प्रमाण पत्रको प्रतिलिपी ।
७. आ.व. २०८१/८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
८. जग्गाधनीको लालपूर्जाको प्रतिलिपि, निवेदकको आफ्नो नाममा जग्गा नभएको हकमा जग्गाको मञ्जुरीनामा, जग्गा लिजमा लिएको भए कानून बमोजिम कम्तिमा ५ वर्षको करारनामा।
९. परियोजनाले माग गरेको अन्य आवश्यक कागजातहरु ।
१०. सम्पुर्ण कागजातहरु फाईलिङ्ग गरि पेश गर्नुपर्नेछ ।

**पुनश्चः** रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा जोन/सुपरजोनमा आवद्धताको लागि कार्यक्रम कार्यान्वयन एकाइले सुचिकृत गर्न बाध्य हुने छैन।

**थप जानकारीको लागि कार्यालयको Website: kapilvastu.pmamp.gov.np फोन नं. ०७६५५०३४७, ९८५७०५२३४७, ९८५७०५४३४७, ९८४७१३३१९६, ९८०८३६०९६२, ९८६०४९९४९४ मा सम्पर्क राख्नु हुन अनुरोध छ।**

*"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्योगिकीकरण"*